'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

**प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं**

## माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको उद्घाटनबारे नेपाल विद्युत प्राधिकरणको

## प्रेस विज्ञप्ती

स्वदेशी लगानीमा निर्मित बाग्मती प्रदेश, दोलखा जिल्लाको विगु गाउँपालिका वडा नं. १ मा रहेको राष्ट्रिय गौरवको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई बिजुली उत्पादन र राष्ट्रिय प्रसारण ग्रीड प्रणाली (INPS) मा प्रेषण गर्ने कार्यको समुद् घाटन सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूबाट २०७८।०३।२१ गते सु-सम्पन्न भएको छ।

सम्माननीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्रीको सचिवालय, बालुवाटार, काठमाण्डौंबाट स्वीच अन (Switch On) गरी अनलाइन/भर्च्युअल माध्यमबाट माथिल्लो तामाकोशी जलविद्युत आयोजनाबाट उत्पादित बिजुली ४७ कि.मि. लामो २२० के.भी. डबल सर्किट प्रसारण लाइन हुँदै रामेछाप जिल्ला, मन्थली नगरपालिका, वडा नं. १३ स्थित साँखेमा नवनिर्मित २२०/१३२ के.भी. न्यू खिम्ती सव-स्टेसन तथा सो सव-स्टेसनबाट नेपाल विद्युत प्राधिकरणको ढल्केवरस्थित ४००/२२० के.भी. सव-स्टेसनमा पुऱ्याई त्यहाँबाट राष्ट्रिय प्रसारण ग्रीड प्रणाली (INPS) मा आबद्ध गरिएको हो।

आयोजनाअन्तर्गत बाँध/इन्टेक, सुरुङ, भूमिगत विद्युतगृहलगायतका सिभिल संरचनाहरूको निर्माण कार्य, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल कार्यहरू तथा ४७ कि.मि. लामो २२० केभी डबल सर्किट प्रसारण लाइन र २२०/१३२ केभी सवस्टेशनको सम्पूर्ण निर्माण कार्यहरू सम्पन्न गरी परीक्षण कार्यहरू समेत सम्पन्न गरिसकिएको छ।

यस आयोजनाको शुरूआतमा सन् १९९९ मा अस्ट्रीयन नागरिक डा. क्रिस्चियन कल्हरले रोल्वालिग्ङ जलविद्युत आयोजना नामबाट पूर्व संमव्यता अध्ययन गरी १२० मेगावाट जडित क्षमता हुने निक्यौल गरेका थिए । सो लगत्तै, अत्यन्त सस्तो र सबै दृष्ट्रिकोणले आकर्षक देखिए पछि नेपाल विद्युत प्राधिकरणले वि.सं.२०५७-२०६० मा आफ्नै भौतिक, आर्थिक र मानवीय श्रोतहरूबाट यस आयोजनाको सम्भाव्यता अध्ययन तथा प्रवेश मार्गको विस्तृत ईन्जिनियरिग्ङ डिजाइन कार्य गरेको थियो भने विस्तृत संभाव्यता अध्ययन कार्य नर्वेजियन परामर्शदाता 'Norconsult AS' मार्फत वि.सं. २०६०-६२ मा भएको थियो । तत्पश्चात् नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको संयूक्त लगानीमा आयोजनको विस्तृत ईन्जिनियरिग्ङ डिजाइन तथा बोलपत्र सम्बन्धी कागजात तयार पार्ने कार्य वि.सं. २०६३-६५ मा वर्तमान निर्माण सुपरिवेक्षण परामर्शताता 'Norconsult AS' - Lahmeyer International GmbH' (JVNL) मार्फत नै सम्पन्न भएको थियो।

[918]

सम्पर्क फोन : ०१४१५३००७, ०१४१५३०१२, ०१४१५३१९३, ०१४१५३०८२ फ्याक्स : ०१४१५३००९
Email: neamd@nea.org.np, Web: www.nea.org.np

आयोजनाको सफल कार्यान्वयनका लागी नेपाल विद्युत प्राधिकरणकै अधिकांश शेयर संरचना (४१%) रहने गरी प्राधिकरणकै सहायक कंपनीको रूपमा मिति २०६३।११।२५ गते अपर तामाकोशी हाइड्रोपावर कंपनी लिमिटेड (UTKHPL) नामको कंपनी स्थापना गरियो भने आ.व.२०६७।६८ मा औषत दर प्रति यूनित रू ३.५०, व्यापारीक उत्पादन भएको वर्ष औषत रू ४.०६ प्रति यूनिटमा नेपाल विद्युत प्राधिकरणले सो आयोजनाबाट उत्पादित विद्युत खरीद गर्ने गरी मिति २०६७।०९।१४ मा विद्युत खरीद संझौता (PPA) भएकोले यो खरीद दर नेपाल विद्युत प्राधिकरणको लागी अहिले सम्मकै सस्तो दर हो। सबैभन्दा सुख्खायममा पनि दैनिक ४ घण्टासम्म पूर्ण क्षमता (४५६ मेगावाट) मै विद्युत उत्पादन गर्न सक्ने PROR Type को अर्ध जलाशययुक्त आयोजना भएकोले यसबाट विद्युत प्राधिकरण लगायत देशकै अर्थ व्यवस्थाको समृद्धिमा उल्लेखनीय योगदान हुने प्रष्ट छ।

मिति २०६७ भाद्र १७ गतेबाट मुख्य सिभिल निर्माण कार्य सुरु गरिएको यस आयोजनाको शिलान्यास मिति २०६८ जेठ ४ गते सु-सम्पन्न भएको थियो। सुरुमा ६ वर्षमा आयोजनाको निर्माण कार्य सक्ने लक्ष्य राखिएकोमा मुख्य सुरुङको डिजाइन परिवर्तन, २०७२ वैशाखको विनाशकारी महाभूकम्प र त्यसपछिको तराई आन्दोलन, लामोसाँघु चरिकोट सडक स्तरोन्नतिको कारण ढुवानीमा आएको समस्या, हाइड्रो मेकानिकल कार्यका ठेकेदारको कमजोर कार्यसम्पादन तथा कोरोना महामारी जस्ता विभिन्न कारणहरूले गर्दा निर्माण कार्य विलम्व हुन गएको हो।

सम्पूर्ण नेपाली पूँजी लगानी रहेको यस आयोजनामा नेपाल विद्युत प्राधिकरण ४१ प्रतिशत, नेपाल टेलिकम ६ प्रतिशत, नागरिक लगानी कोष २ प्रतिशत, राष्ट्रिय विमा संस्थान २ प्रतिशत, सर्वसाधरण १५ प्रतिशत, दोलखा जिल्ला बासी १० प्रतिशत, कर्मचारी संचय कोषका संचयकर्ता/कंपनी/नेपाल विद्युत प्राधिकरण र कर्जा प्रवाह गर्ने संस्थाका कर्मचारीहरूको कूल २४ प्रतिशत शेयर संरचना रहने एवं ऋण लगानीतर्फ कर्मचारी संचय कोष, नेपाल टेलिकम, नागरीक लगानी कोष र राष्ट्रिय विमा संस्थान तथा नपुग रकम नेपाल सरकारबाट हुने गरी मिति २०६८।०१।२९ मा आयोजनाको वित्तिय व्यवस्थापन (Financial Closure) सम्पन्न भएको थियो।

आयोजनाको सुरु अनुमानित लागत निर्माण अवधिको व्याजबाहेक USD 456 Million (ने.रु. ३५ अर्ब २९ करोड) रहेकोमा डिजाइन परिवर्तनको कारणबाट केही कार्यहरु थप हुन गएको, आयोजनाको निर्माण अवधि लम्बिन जाँदा प्रशासनिक र परामर्शदाताको खर्च बढ्न गएको, बजार मूल्य बढ्न जाँदा निर्माण कार्यहरूको लागत बढेको आदि कारणहरूले गर्दा आयोजनाको लागत USD 590 Million (करिब ने.रु. ५२ अर्ब) पुग्ने अनुमान गरिएको छ। आयोजनाको निर्माण अवधि थप भएको कारणबाट सुरु लागतमा निर्माण अवधिको व्याज रु. १४ अर्ब हुने आँकलन गरिएकोमा आयोजनाको निर्माण अवधि बढ्न जाँदा निर्माण अवधिको व्याज करिब रु. ३२ अर्ब पुग्ने अनुमान गरिएको छ।

[2/४]

आयोजनाको लट १ मुख्य सिभिल कार्यको लागि चिनियाँ कम्पनी Sinohydro Corporation Ltd., लट २ हाइड्रोमेकानिकल कार्यको लागि भारतीय कम्पनी Texmaco Rail and Engineering Ltd., लट ३ इलेक्ट्रोमेकानिकल कार्यको लागि अष्ट्रियन कम्पनी Andrtiz Hydro GmbH र लट ४ प्रसारण लाइन तथा सवस्टेशन कार्यको लागि भारतीय कम्पनी KEC International Ltd. सँग खरिद सम्झौता गरिएको थियो। त्यस्तै, आयोजनाको अन्तिम डिजाइन, आयोजना व्यवस्थापन र सबै मुख्य लटहरुको निर्माण सुपरिवेक्षण परामर्श सेवाको लागि नर्वेजियन कम्पनी 'Norconsult AS' र जर्मन कम्पनी Lahmeyer International GmbH' को उपक्रम (नेपाली परामर्शदाता कम्पनी 'Total Management Services' पनि आबद्ध) सँग सम्झौता गरिएको थियो।

प्रति यूनिट ७६ मेगावाट क्षमताका कूल ६ वटा हाइड्रो-जेनेरेटर यूनिट जडित उक्त आयोजनाबाट पहिलो यूनिट राष्ट्रिय प्रसारण ग्रीड संजालमा जोडिएसँगै क्रमशः सबै यूनिटहरू परीक्षण गर्दै जोडिदै जानेछन्। यसले सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको **"समृद्ध नेपाल, सुखी नेपाली"** को नारालाई चरितार्थ पार्न पक्कै अहम भूमिका खेल्नेछ। यस सु-अवसरमा नेपाल सरकार, पूर्व तथा बाहाल उर्जा/जलस्रोत मन्त्रीज्यूहरू, पूर्व तथा बाहाल संचालक समितिका सदस्यज्यूहरू, पूर्व कार्यकारी निर्देशकज्यूहरू, नेपाल विद्युत प्राधिकरणका कर्मचारी, कंपनी र आयोजनाका सम्पूर्ण संचालक र कर्मचारीहरू, क्रृयाशिल ट्रेड यूनियनहरू, आम शेयर धनीहरू, ऋण लगानी कर्ताहरू, निर्माण व्यवसायी तथा परामर्शदातालाई हार्दिक बधाई तथा धन्यवाद दिन चाहान्छौं।

## माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरण

| | | |
|---|---|---|
| आयोजनाका किसिम | = | पिकिङ रन अफ रिभर |
| आयोजना स्थल | = | वाग्मती प्रदेश, दोलखा जिल्ला, विगु गाँउ पालिका, वडा नं.१, लामावगर। |
| जडित क्षमता | = | ४५६ मेगावाट |
| औषत वार्षिक ऊर्जा | = | २,२८१ गिगावाट घण्टा<br>(२ अर्ब २८ करोड युनिट) |
| ग्रस हेड | = | ८२२ मिटर |
| डिजाइन बहाव | = | ६६ घ.मि./से. |
| बाँधस्थलको जलाधार | = | १,७४५ वर्ग कि. मि. |
| बार्षिक बहाव | = | ६७.२ घ.मि./से. (औसत) |
| डिजाइन बाढी बहाव | = | ८८५ घ.मि./से. (१,००० वर्षको Return Period) |
| बाँध (लम्बाइ × उचाइ) | = | ६० मि. × २२ मि. |
| जलाशयको क्षमता | = | २२ लाख घनमिटर |
| बालुवा थिग्ग्राउने पोखरी | = | लम्बाइ २२५ मि. चौडाइ २६ मि. का दुईवटा वेसिनहरु |
| मुख्य सुरुङ | = | ७.८६ कि.मि., व्यास ६ मि. |
| पेनस्टक | = | ७२४ मि. (खूद व्यास ३.६ मि.) |
| विद्युत गृहको ल.×चौ.×उ. | = | १४२ मि. × १३ मि. × २५ मि. (भूमिगत) |
| टर्वाइन (पेल्टन) | = | ६ वटा |

[३४]

| | | |
|---|---|---|
| टेलरेस सुरुङ | = | ३ कि.मि. |
| प्रशारण लाइन | = | २२० के.भी. डवल सर्किट, (कूल ४७ कि.मि.), १२७ वटा टावरहरु |
| निर्माण अवधि (शूरुको अनुमानित) | = | ६ वर्ष |
| प्रवेश मार्ग | = | ६८ कि.मि. |
| मुख्य सिभिल निर्माण शुरुवात मिति | = | २०६७।०५।१७ (2010/09/02 AD) |
| आयोजनाको शिलान्यास मिति | = | २०६८।०२।०४ (2011/05/18 AD) |

x

०६९/३/२२

[प्रवक्ता]

[४/४]